**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः ०७** **मितिः २०७८/०६/२४**

## भाग-२

## धनगढी उप महानगरपालिका

# सहकारी संस्थालाई अनुदान वितरण निर्देशिका, २०७८

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०७८।०६।२४**
**राजपत्रमा प्रकाशन मितिः २०७८।०६।२४**

<u>प्रस्तावनाः</u> सहकारी आन्दोलनको विकास एवंम सहकारी सस्थाको व्यवसाय विस्तार सदस्यहरुको उत्पादनमा बृद्धि र बजारीकरणमा सहयोग पुर्याउन सहकारी संस्थालाई प्रदान गरिने अनुदान लाई सरल, पारदर्सी र प्रभावकारी तुल्याउन वाञ्छीनीय ,

भएकोले सहकारी ऐन धनगढी २०७४ को दफा १०५ र १०६ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका वनाईएको छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

परिच्छेद –१

## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भः

१) यस निर्देशिकाको नाम "सहकारी संस्थालाई अनुदान वितरण निर्देशिका, २०७८" रहेको छ ।

२) यस निर्देशिका धनगढी उपमहानगरपालिका वाट पारित भई राजपत्रमा प्रकासन भए पश्चात लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "खरिद अनुदान" भन्नाले सहकारी संस्थाले सदस्यहरुको उत्पादन खरिद गरेवापत दिइने अनुदान सम्झनु पर्छ ।

ख) "घुम्ती कोष अनुदान" भन्नाले उत्पादनसंग जोडीएका सदस्यहरुलाई आलोपालो मिलाई ऋण प्रदान गर्न सहकारी संस्थालाई दिने अनुदान सम्झनु पर्छ ।

ग) "सदस्य" भन्नाले सहकरी संस्थाको सदस्य सम्झनु पर्छ ।

घ) "संस्था" भन्नाले प्रारम्भीक सहकारी सस्थांलाई सम्झनु पर्छ ।

ङ) "कार्यालय" भन्नाले धनगढी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

च) "वार्षिक साधारण सभा" सहकारी संस्थाले प्रत्येक वर्ष सम्पन्न गर्ने साधारण सभा सम्झनु पर्छ ।

परिच्छेद– २

## अनुदान सम्वन्धी व्यवस्था

३. अनुदानको यस निर्देशिका अनुसार उपलव्ध गराईने अनुदानको उद्देश्य देहाय वमोजिम हुनेछ ।

क) सदस्यहरुको कृषि उत्पादनलाई मुल्य श्रृखलामा लैजाने ।

ख) सदस्यहरुको कृषि उत्पादनलाई सरकारले तोकेको मुल्यमा खरिद गर्न सस्थांलाई प्रोत्साहन गर्ने ।

ग) सदस्यहरुको कृषि उत्पादन लाई वजारीकरणमा सहयोग गर्ने ।

घ) सदस्यहरुलाई कृषि उत्पादन तर्फ उन्मुख गराउने ।

ङ) कृषि उत्पादनमा बृद्धि गर्ने ।

च) सस्थांलाई व्यावसायीक वनाउने ।

४. खरिद अनुदानः

१) संस्थाले सदस्यहरुले उत्पादन गरेका देहायका वस्तुहरु नेपाल सरकारले तोकेको मुल्यमा खरिद गरेमा देहाय वमोजिम अनुदान दिन सक्ने छ ।

क) धान, गहु, मकै, प्रति कुन्टल रु. १५० /-

ख) दुध प्रति लिटर रु.१.५०/-



धनगढी उप-महानगरपालिका राजपत्र

ग) तरकारी - आलु, प्याज, लसुन खुर्सानी प्रति कुन्टल रु. २०० /-

२) दफा ४ को उपदफा १(ग) वमोजिम तरकारीहरुको हकमा प्रचलित वजार मुल्यमा खरीद गरेमा पनि अनुदान दिन सकिने छ ।

३) सदस्यको उत्पादन खरिदमा मात्र अनुदान दिईने छ ।

४) खरिद कोटा तोक्न सकिनेछ ।

५) खरिद गर्दा साना किसानको उत्पादनलाई प्राथमिकता दिनु पर्ने छ ।

५. घुम्ति कोष अनुदानः

१) सहकारी संस्थाले उत्पदानसंग जोडीएका (कृषि, पशुपंक्षी र माछापालन गर्ने)सदस्यहरुलाई सरल र शुलभ तरिकाले ऋण लगानी गर्न एउटा संस्थालाई बढीमा रु. दुई लाख पचास हजार सम्म अनुदान दिन सकिने छ ।

२) अनुदानमा प्राप्त रकम संस्थाले उत्पादन संग जोडीएका सदस्यहरुलाई आलोपालो मिलाई घुम्तीरुपमा परिचालन गर्नुपर्नेछ ।

३) अनुदानमा प्राप्त रकमलाई खर्च गर्न वा मास्न पाईने छैन । जगेडा कोषमा आम्दानी बाधी परिचालन गर्नु पर्नेछ ।

६. कोषमा साझेदारी गर्नु पर्नेः

१) घुम्ती कोष अनुदान प्राप्त गर्ने संस्थाले अनुदान रकममा शत प्रतिशत रकम संस्थाबाट थप गरी छुट्टै कोष स्थापना गरि परिचालन गर्नु पर्नेछ ।

२) संस्थाले दफा ६ को उपदफा (१) बमोजिमको कोषबाट परिचालन गरिने ऋणको व्याजदर बढीमा दश प्रतिशत कायम गर्नु पर्नेछ । अन्य कुरा संस्थाको नियमानुसार हुनेछ ।

## परिच्छेद –३

## अनुदान प्रदान गर्ने प्रक्रिया

७. अनुदान लिन चाहने संस्थाका लागी धान,मकै र तरकारी खरिद गन प्रत्येक आर्थिक वर्षको प्रथम चौमासिक भित्र र गहु खरिद र घुम्तीकोष अनुदानका लागि दोस्रो चौमासीक भित्र कार्यालयले कम्तीमा १५ दिन अवधीको सूचना स्थानीय पत्रिकामा प्रकाशन गरि प्रस्ताव आह्वान गर्नेछ ।

८. धनगढी उप महानगरपालिकामा मात्र कार्यक्षेत्र भएका सहकारी सस्थालाई अनुदान उपलव्ध गराईने छ ।

(१) खरिद अनुदान धनगढी उप महानगरपालिका सम्म मात्र कार्यक्षेत्र भएका कृषि र बहुउदेश्यीय सहकारी संस्थालाई मात्र उपलब्ध गराइनेछ ।

धनगढी उप महानगरपालिका राजपत्र

९. दरखास्त पेश गर्नु पर्नेः

१) यस निर्देशिका वमोजिम अनुदान प्राप्त गर्न चाहने सस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ७ वमोजिमको सूचनाको अवधि भित्र अनुसुचि - २ वमोजिमको प्रस्ताव सहित अनुसुचि - १ को ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्ने छ ।

क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि

ख) पछिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन

ग) कर चुक्ताको प्रमाण पत्र

घ) सदस्य संख्या खुल्ने कागजपत्र

ङ) संचालकहरुको विवरण

च) साधारण सभा वा सञ्चालक समितिको निर्णय

छ) खरिद अनुदान लिन चाहने संस्थाको हकमा खरिद गरिने उत्पादन र मोटामोटी वार्षिक परिमाण, पुँजि, गोदाम र अन्य व्यवस्था खुलाउनु पर्ने।

१०. प्रस्ताव छनौट र स्वीकृत गर्नेः

१) दफा (९) बमोजिम प्राप्त प्रस्ताव सहितको दरखास्त उपर दफा(१३) बमोजिम गठित छनौट तथा अनुगमन समितिले अनुसुची-३ को आधारमा प्रारम्भिक छानविन गरि स्वीकृतका लागी कार्यपालिकामा पेश गर्ने ।

११. खरिद अनुदान उपलव्ध नगराईनेः

१) दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा संस्थालाई अनुदान उपलव्ध गराईने छैन ।

(क) वार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा समितिको नियमित रुपमा निर्वाचन नगरेको,

(ग) नियमिति रुपमा वार्षिक लेखा परीक्षण नगराइएको,

(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेश नभएको

(ङ) अघिल्लो वर्षहरुमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

(च) कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन गरेको

(छ) कर चुक्ता प्रमाण पत्र नभएको,

(ज) जोखिम कर्जा कोषको व्यवस्थापन नभएको ।

१२. सम्झौता गर्नु पर्नेः

१) यस निर्देशिका बमोजिम दरखास्त स्वीकृत भएका संस्थासंग अनुसुची-४ को ढाँचामा सम्झौता गर्नु पर्नेछ ।



धनगढी उप-महानगरपालिका राजपत्र

१३. छनौट तथा अनुगमन समिति

१) यस निर्देशिका वमोजिम उपलव्ध गराईने अनुदानवाट सञ्चालित कार्यको अनुगमन मुल्यंकन र अनुदान रकम भुक्तानीको लागी सिफारिस गर्न देहाय वमोजिमको छनौट तथा अनुगमन समिति रहने छ ।

क) आर्थिक विकास समितिका संयोजक – संयोजक

ख) कृषि शाखा प्रमुख – सदस्य

ग) पशु विकास शाखा प्रमुख – सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखामा काम गर्ने कर्मचारी - सदस्य

ङ) सहकारी शाखा प्रमुख – सदस्य सचिव

२ ) समितिले प्रमुख प्रशासकीय अधिकृत र आवश्यकता अनुसार सम्बन्धीत क्षेत्रको बिज्ञलाई सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ ।

१४. छनौट तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ ।

क) पेश भएका दरखास्त उपर प्रारम्भिक छानविन गरि स्वीकृतका लागि पेश गर्ने ।

ख) सस्थांले खरिद गरेको वस्तुको स्थलगत अनुगमन गरि भुक्तानीको लागि सिफारिस गर्ने ।

ग) तरकारीको मुल्य निर्धारण हुन नसकेको अवस्थामा खरिद मुल्य निर्धारण गरि सम्वन्धित सस्ंथाहरुलाई जानकारी गराउने ।

ग) अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक शर्त निर्धारण गर्ने ।

घ) अनुदाको सदुपयोग भए नभएको अनुगमन गर्ने ।

ङ) अनुदान दुरुपयोग भएको पाइएमा फिर्ता वा रोक्काका लागी सिफारिस गर्ने ।

## परिच्छेद –४
## विविध

१५. भुक्तानी प्रकियाः

क) संस्थाले यस निर्देशिका बमोजिम सम्झौता अनुसारको खरिद अनुदान भुक्तानी लिदा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

ख) खरिद गरेको वस्तुको परिमाण खुल्ने कागज ।

ग) खरिद मुल्य खुल्ने पान नं. सहितको विलको प्रति ।

घ) विक्री गर्ने व्यक्तिको नाम ठेगाना र सम्पर्क नं.सहितको विवरण ।

ङ) दफा १३(१) अनुसार गठन भएको समितिको निर्णय।

च) घुम्ती कोष अनुदानको हकमा संस्थाको पत्र र सम्झौता पत्र ।

धनगढी उप-महानगरपालिका राजपत्र

१६. अनुदान रोक्का गर्न सकिनेः

१) झुठ्ठा विवरण पेश गरि अनुदान लिन खोजेमा रोक्का गर्न सकिनेछ। लिइसकेको भए यसरी लिएको अनुदान फिर्ता गर्नु पर्ने छ ।

२) जुन उद्धेश्यका लागी अनुदान लिएको हो सोही अनुसार परिचालन भएको नपाइएमा रोक्का गर्न सकिनेछ ।

१७. साधारण सभालाई जानकारी गराउनु पर्नेः

१) संस्थाले अनुदान सम्बन्धी सम्पूर्ण विवरण वार्षिक साधारण सभामा जानकारी गराउनु पर्ने छ ।

१८. निर्देशिकाको व्याख्याः यो निर्देशिकाको अन्तिम व्याख्य उप महानगरपालिका वा नगर कार्यपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ ।

१९. बाधा अडकाउ फुकाउने अधिकारः

यस निर्देशिकाको **उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अडकाउ परेको खण्डमा उप महानगरपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।**

२०. बचाँउ, परिमार्जन तथा संशोधनः

यस निर्देशिकालाई आवश्यकता अनुसार नगर कार्यपालिकाले बचाउँ, परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

अनुसुची-१

(दफा ९ सँग सम्बन्धित)

दरखास्तको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
धनगढी उप महनगरपालिका
नगर कार्यपालिकाको कार्यालय

विषयः अनुदानका लागि प्रस्ताव पेस गरिएको बारे ।

धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सहकारी शाखाबाट मिति ……………………… मा प्रकाशित सूचना अनुसार यस संस्थाले *सदस्यको उत्पादनलाई खरिद गर्ने / उत्पादन संग जोडीएका सदस्यहरुलाई आलोपालो गरी घुम्ती रुपमा ऋण प्रदान गर्ने* योजना संचालन गर्ने गरी मिति …………….. को साधारण सभा/संचालक समितिले निर्णय गरेकाले सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसुची- २ बमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरिएको छ । सहकारी संस्थाहरुलाई अनुदान वितरण निर्देशिका, २०७८ का सर्त, बन्देजहरु पालना गर्न यो संस्था मन्जुर छ ।

भवदीय

………………………..

अध्यक्ष

नाम थरः
संस्थाको नाम, ठेगानाः
संस्थाको छाप
सम्पर्क नं.

धनगढी उप-महानगरपालिका राजपत्र

अनुसूचि २

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

आयोजनाको विवरण

१. संस्थाको नामः ............................................................

ठेगानाः

वडा नं. टोलः कर्मचारी संख्याः

२. दर्ता नं. र मितिः

३. आयोजनाको नामः

४. आयोजना स्थलः वडा नं. टोलः

५. आयोजना प्रारम्भ हुने मितिः

६. आयोजना संचालनको मुख्य उद्देश्यः छोटकरीमा उल्लेख गर्ने .................................................................................................................................................................................................................................................................................................................................................................................................................................

७. प्रस्तावित आयोजनाको अनुमानित लागत रु. ..................

७.१ पुँजीको स्रोत

क) शेयर पुजीबाट रु. .............................. ख) जगेडा कोषबाट रु. ..............................

ग) अन्य रु. ..............................

८. नेपाल सरकारको अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने...................................................................................................................

९. सदस्य अवस्थाः

| बर्गिकरण | संख्या | लाभान्वियत संख्या |
|---|---|---|
| महिलाः | | |
| पुरुषः | | |
| अपाङ्गः | | |
| जम्मा | | |

१०. उत्पादनसंग जोडीएका सदस्य संख्याः

११. खरिद हुने सम्भावित उत्पादनहरुः (खरिद अनुदान लिने संस्थाले मात्र भर्ने)

धनगढी उप महानगरपालिका राजपत्र

| सि.नं. | खरिद गरिने उत्पादनको नाम | सम्भावित परिमाण | आवश्यक रकम रु |
|---|---|---|---|
| १ | धान | | |
| २ | गहुँ | | |
| ३ | मकै | | |
| ४ | दुध | | |
| ५ | तरकारी/फलफूल | | |

१२. संस्थाले व्यहोर्ने लागत प्रतिशतः

१३. ऋण तथा बचत निति छ,छैनः

१४. घुम्ती कोष परिचालन पश्चात उत्पादनमा बृद्धि हुने नहुनेः

१५. सदस्यको आवश्यकता सम्बोधन हुने नहुनेः

१६. आयोजना संचालन गर्न पूर्वाधारको स्थिति (✓) चिन्ह लगाउनुहोस ।

विजुली ☐ सडक ☐

कार्यालय भवनः आफ्नै ☐ भाडा ☐

गोदाम घरः ☐ आफ्नै ☐ भाडा ☐

ढुवानीको साधनः छ ☐ छैन ☐

१७. संस्थागत सुशासनको स्थितिः

संचालक समितिको बैठक नियमित छ / छैन

वार्षिक साधारण सभा नियमित छ / छैन

लेखा परीक्षण नियमिति छ /छैन

संघहरुमा आवद्ध छ / छैन

आयोजनाको सम्भाव्यता अध्ययन छ / छैन

भएको भए व्यवसायको वार्षिक मुनाफा दरः

१८. खरिद गरिएका वस्तुको बजार सम्भावनाः बजारको पहुँच भएको / नभएको

अध्यक्षको हस्ताक्षर

.........................

नाम थरः

संस्थाको ठेगानाः

संस्थाको छापः

सम्पर्क नं.

धनगढी उपमहानगरपालिका राजपत्र

अनुसुची-३

(दफा १० को उपदफा (१) संग सम्बन्धित)

<u>प्रारम्भिक जाँचसुची</u>

| | | |
|---|---|---|
| १. सूचनाको म्यादभित्र दरखास्त दर्ता | ☐ भएको | ☐ नभएको |
| २. सूचनामा तोकिएका सबै कागजात सबै संलग्न | ☐ भएको | ☐ नभएको |
| ३. पछिल्लो वार्षिक साधारण सभा समयमै | ☐ गरेको | ☐ नगरेको |
| ४. पछिल्लो संचालक समितिको निर्वाचन समयमै | ☐ गरेको | ☐ नगरेको |
| ५. पछिल्लो वार्षिक लेखापरिक्षण समयमै | ☐ गरएको | ☐ नगराएको |
| ६. यस अघि अनुदान प्राप्त गरेको भए सदुपयोग | गरेको ☐ | नगरेको ☐ |
| ७. कार्यक्षेत्र भन्दा बाहिर गई कारोबार सञ्चालन | ☐ गरेको | ☐ नगरेको |
| ८. कर चुक्ता प्रमाणपत्र | ☐ भएको | ☐ नभएको |
| ९. गोदाम व्यवस्था | ☐ भएको | ☐ नभएको |
| १०. कर्यस्थल सम्म बाटोको पहुँच | ☐ भएको | ☐ नभएको |
| ११. लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पेश | ☐ भएको | ☐ नभएको |
| १२. बचत तथा ऋण सहकारी संस्था | ☐ भएको | ☐ नभएको |
| १३. कार्यक्रम संचालन गर्न आवश्यक पुजीको व्यवस्था | ☐ भएको | ☐ नभएको |
| १४. पुजीको व्यवस्था के बाट गरिएको छ | ☐ शेयरपुजी | ☐ ऋण |
| खुलाउने | ☐ जगेडाकोष | ☐ अन्य |
| १५. ऋण निति बनाएको | ☐ छ | ☐ छैन |

छनौट तथा अनुगमन समितिको रायः

धनगढी उप-महानगरपालिका राजपत्र

अनुसुची-४

**(दफा १२ को उपदफा (१) संग सम्बन्धित)**

धनगढी उप महानगरपालिकाको मिति ................................ को कार्यपालिकाको निर्णय अनुसार

............................................ सहकारी संस्थाको खरिद अनुदान/घुम्तीकोष अनुदान प्रस्ताव स्वीकृत भएकोले, कार्यालय र ...................................... सहकारी संस्था बीच भएको

द्विपक्षीय सम्झौता पत्रः

धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय(यस पछि प्रथम पक्ष भनिएको) र ........................................... सहकारी संस्था (यस पछि दोस्रो पक्ष भनिएको)बीच तपसिल बमोजिमका सर्तहरु दुवै पक्षले पालना गर्ने गरी यो सम्झौता गरि दियौं / लियौं ।

तपसिलः

खरिद अनुदान

१. सदस्यहरुको उत्पादन खरिद गर्न आवश्यक पुजीको व्यवस्था दोस्रो पक्ष स्वयमले गर्नु पर्ने छ ।
२. नेपाल सरकारले तोकेको मुल्यमा धान, गहु, मकै र दुध खरिदमा मात्र पहिलो पक्षले अनुदान उपलब्ध गराउने छ ।
३. तरकारीमा आलु, प्याज र लसुन खरिदमा मात्र दोस्रो पक्षलाई अनुदान उपलब्ध गराइने छ ।
४. पहिलो पक्षले धान गहु र मकैमा प्रतिक्विन्टल रु. १५० र दुध खरिदमा प्रतिलिटर रु.१.५० पैसा अनुदान दिइने छ ।
५. आलु प्याज र लसुन प्रचलित बजार मुल्य वा निर्देशिकाको दफा()मोजिमको समितिले तोकेको मुल्यमा खरिद गरेमा मात्र अनुदान उपलब्ध गराईने छ ।
६. सदस्यको उत्पादन खरिदमा मात्र पहिलो पक्षले अनुदान दिनेछ ।
७. दोस्रो पक्षले उत्पादन खरिद गर्दा विक्री गर्ने सदस्यको नाम सदस्यता नं. खरिद गरिएको उत्पादनको परिमाण खरिद दर र भुक्तानी दिएको जम्मा रकम समेत खुल्ने गरि प्रत्येक विक्रि कर्ताको छुट्टाछुट्टै अभिलेख राख्नु पर्नेछ र सोही अनुसारको निस्सा उत्पादन विक्री गर्ने सदस्यलाई समेत दिनु पर्ने छ ।
८. पहिलो पक्षले दोस्रो पक्षलाई देहाय बमोजिमको खरिदमा मात्र अनुदान दिने छ ।
    - धान ................... क्विन्टल

धनगढी उप-महानगरपालिका राजपत्र

- गहू ................... क्विन्टल
- मकै ................... क्विन्टल
- दुध ................... क्विन्टल
- तरकारी................... क्विन्टल

सम्झौतामा उल्लेख भएको भन्दा बढी खरिदको पहिलो पक्षबाट भुक्तानी दिनइने छैन ।

९. खरिद कार्यको पहिलो पक्षबाट वेला बेलामा अनुगमन गरिने छ ।

घुम्तीकोष अनुदान

१. घुम्तीकोष बाफत पहिलो पक्षले .......................... रकम दोस्रो पक्षलाई उपलब्ध गराउने छ
२. दोस्रो पक्षले अनुदान वाफत पाएको रकममा कम्तीमा सोही वरावर रकम संस्थाबाट थपगरी छुट्टै कोष स्थापना गर्नु पर्ने छ ।
३. घुम्तीकोष अनुदान दोस्रो पक्षले खर्च गर्न वा मास्न पाउने छैन ।
४. दोस्रो पक्षले घुम्तीकोषबाट ऋण लगानी गर्दा उत्पादनसंग जोडिएका सदस्यहरुलाई आलोपालो गरी ऋण उपलब्ध गराउनु पर्ने छ ।
५. दोस्रो पक्षले ऋण लागनी संस्थाको नियम अनुसार गर्नु पर्ने छ यो कोषबाट दिएको ऋणमा दश (१०%) प्रतिशत भन्दा बढी ब्याज लिन पाउने छैन ।
६. दोस्रो पक्षले घुम्तीकोषबाट लगानी भएको ऋणको विवरण चौमासिक रुपमा कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।
७. पहिलो पक्षबाट बेलाबेला अनुगमन गरिने छ ।
८. सम्झौतामा उल्लेख हुन छुट भएका विषयको हकमा प्रचलित कानुन र दुबै पक्षको आपसी सहमति अनुसार हुने छ ।
९. दोस्रो पक्षबाट सम्झौतामा उल्लेख भएका बुदाहरुको पालना नभएको पाइएमा पहिलो पक्षले अनुदान फिर्ताको लागी कारवाही गर्न सक्नेछ ।

आज्ञाले,

..........................

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकिय अधिकृत**

**धनगढी उप महानगरपालीका**

धनगढी उप-महानगरपालिका राजपत्र